श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

**नेपाल निजामती कर्मचारी संगठन**
**(Nepal Government Employees' Organization)**
**केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं**
(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

# धुलिखेल घोषणापत्र -२०८०

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यसमितिको आयोजना र केन्द्रीय संगठन विभागको व्यवस्थापनमा २०८० जेठ ५ र ६ गते काभ्रेपलाञ्चोकको धुलिखेलमा संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको अध्यक्षतामा प्रदेश,जिल्ला/विभागीय कार्य समितिका अध्यक्षहरुको प्रथम राष्ट्रिय भेला भव्यतापूर्वक सम्पन्न भएको छ ।उक्त भेलावाट पारित गरेका विषयलाई ११(एघार) बुँदे घोषणापत्र मार्फत तपसील बमोजिम सार्वजनिक गरिएको छ ।

<u>तपसील</u>

१. नेपाल निजामती कर्मचारी संगठनले नेपाल सरकार समक्ष पेश गरेका सुझावहरु सम्वोधन हुने गरी समायोजन ऐनमा देखिएका त्रुटीहरुलाई समाधान गर्न, समायोजन ऐनको प्रतिकूल नहुने गरी सार्वजनिक प्रशासनको सवलीकरण गर्न तत्काल संघीय निजामती सेवा ऐन जारी गर्न जोडदार माग गर्दछ ।

२. विभिन्न प्रदेशहरुवाट जारी भएका प्रदेश निजामती सेवा ऐन, स्थानीय सेवा ऐन तथा नियमावलीले दिएका सेवा, सुविधा कायम रहने गरी संघीय निजामती सेवा ऐन जारी गर्न माग गर्दछ।

३. संघीय निजामती सेवा ऐन तत्काल जारी गराउन सरकारसंग वार्ता, सम्वाद कायम गर्दै आन्दोलन अगाडि बढाउने घोषणा गर्दछ ।

४. समायोजन ऐनको कारण मर्कामा परेका कर्मचारीहरुको समायोजन संशोधनका लागि पुनः एक पटक अवसर दिन नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

५. २०७६ सालमा स्थानीय तहको कानून नहुँदा लोक सेवा आयोग द्धारा स्थानीय तहमा नियुक्ति भएका साविकमा निजामती सेवामा कार्यरत कर्मचारीको सेवा अवधि गणना गर्न जोडदार माग गर्दछ ।

६. संघीय निजामती सेवा ऐनमा राजपत्राकिंत तृतीय श्रेणीमा पदपूर्ति गर्दा ५० प्रतिशत खुला, ३० प्रतिशत बढुवा, १० प्रतिशत आन्तरिक र १० प्रतिशत अन्तर तह हुने गरी र राजपत्र अनकिंत द्धितीय श्रेणीमा पदपूर्ति गर्दा ७० प्रतिशत खुला, २० प्रतिशत आन्तरिक र १० प्रतिशत बढुवा हुने व्यवस्थाको लागि जोडदार माग गर्दछ

७. कार्यक्षेत्रमा सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै **क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह**को कानूनमा नै ब्यवस्था गर्न जोडदार माग गर्दछ ।

८. राष्ट्रिय अर्थतन्त्रलाई सही दिशामा ल्याउन, महंगी नियन्त्रण तथा ब्यापार घाटा कम गर्दै कर्मचारीलाई उत्प्रेरित गर्न उच्चस्तरीय तलव सुविधा आयोग, २०७९ को प्रतिवेदन कार्यान्वयन हुने गरी नयाँ बजेटमा तलव, भत्ता लगायतका सुविधाको वृद्धि गर्न जोडदार माग गर्दछ।

९. भ्रष्टाचार विकास र सुशासनको अवरोधको कारक तत्व रहेको ठहर गर्दै **दोषी नछुटुन, निर्दोष नपरुन्** भन्ने उद्घघोषका साथ भ्रष्टाचारमा संलग्न रहेका जुनसुकै पदका कर्मचारी वा दलका ब्यक्ति रहे पनि स्वतन्त्र रुपमा छानविन गरी कारवाहीको दायरामा ल्याउन नेपाल सरकारसँग भेला जोडदार माग गर्दछ ।

१०. **समृद्ध नेपाल, सुखी नेपालीको** राष्ट्रिय आकांक्षा पूरा गर्न सार्वजनिक सेवामा **शीघ्र सेवा : तीव्र विकासको** नीति अवलम्वन गर्दै सेवाग्राहीलाई सुशासनको प्रत्याभूति दिलाउन शिष्टाचारको रुपमा आफैबाट **नमस्कार अभियान** सञ्चालन गरी छिटो छरितो, मितब्ययी र पारदर्शी रुपमा सेवा प्रवाह गर्न यो भेला प्रतिबद्धता ब्यक्त गर्दछ ।

११. संगठनले देशभरी प्रशिक्षण अभियान अन्तर्गत **सुशासन र विकास** विषयक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । नेपाल सरकारबाट समेत यस्ता तालिम तथा प्रशिक्षण सञ्चालन गरी कर्मचारीका क्षमता विकासका कार्यक्रम ल्याउन माग गर्दछ।

जीवन काफ्ले
महासचिव

मिति २०८०/०२/०८ बबरमहल, काठमाडौ ।